नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक १३ २०७७ साल साउन १५ गते बिहीबार (30 July 2020 Thursday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरु**

- जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : कोभिड-१९ को जोखिम कायमै :.. ३ पृष्ठमा : लकडाउन खुलेसँगै ... ३ पृष्ठमाम्रोडर्नाको खोपले बाँदरमा राम्रोसँग

# "तपाईको माक्स खैं" अभियान अन्तरगत दुई दिनमा एक सय ४७ नियन्त्रणमा



**दैनिक समाचारदाता**
**राजविराज, १४ साउन ।**

मास्क नलगाईकन घर बाहिर हिडडुल गर्ने प्रबृती बढेपछि प्रहरीले चलाएको "तपाईको माक्स खैं" अभियान अन्तरगत दुई दिनमै १ सय ४७ जनालाई नियन्त्रणमा लिएको छ ।

प्रहरीले राजविराजका साथै जिल्लाका विभिन्न स्थानमा चेक जाच कडा गरि सार्वजनिक स्थलमा माक्स नलगाई हिड्ने व्यक्तिलाई नियन्त्रणमा लिई जरिवाना भराउने तथा मास्कको अनिवार्य प्रयोग बारे सचेतना अभियान समेत चलाएको छ ।

मंगलबारदेखी सुरु भएको सो अभियान अन्तरगत पहिलो दिन १ सय २३ र दोश्रो दिन बुधबार २४ जनालाई नियन्त्रणमा लिई जरिवाना वापत प्रति व्यक्ति एक सय रुँपैया तिराई सचेत समेत गराउन थालिएको प्रहरी उपरिक्षक कृष्ण प्रसाईले जानकारी दिए ।

कार्यक्रम सँगै गरिब, असाहयलाई निशुल्क मास्क बितरण गर्न थालिएको छ भने उनीहरुलाई संक्रमणको जोखीम न्युन गर्ने बारे सचेतना समेत दिइएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरे कोरोना नियन्त्रण, रोकथाम तथा प्रतिकार्यका सम्बन्धमा निश्चित मापदण्ड र सर्त तोकिएपनि त्यसको अवज्ञा भएपछि जिल्ला प्रशासन कार्यालयबाट एक सूचना नै जारि गरि सबैलाई समेत गराउने प्रयास गरिएको बताए ।

कोरोनाको जोखीम बढ्दै गएपछि सदरमुकाम राजविराजमा अनिश्चितकालिन तथा अन्य स्थानिय तहरुमा समेत कामकाज बन्द गरि लकडाउन लागु गर्ने एकपछि अर्को निर्णय हुँदै गएको बेला प्रहरी जोखीम न्यूनिकरणका लागि चलाएको अभियानले केहीहदसम्म भएपछि सहयोग पुऱ्याउने विश्वास ब्यक्त गरिएको छ ।

# सामाजिक विकास मन्त्रालयका तीन कर्मचारी संक्रमित

**दैनिक समाचारदाता**
**जनकपुर, १४ साउन ।**

प्रदेश २ को सामाजिक विकास मन्त्रालयका तीनजना कर्मचारीमा बुधबार कोरोना संक्रमण पुष्टि भएको छ ।

प्रदेशको स्वास्थ्य निर्देशनालयका सह(निर्देशक विजय झाका अनुसार मन्त्रालयका स्टोर किपर, सवारी चालक र एकजना कार्यालय सहयोगीमा कोरोना संक्रमण पुष्टि भएको जानकारी दिएका छन् ।

उनले मन्त्रालयका २२ जनाको स्वाब संकलन गरी जाँच गर्दा तीन जनामा पोजेटिभ देखिएको जानकारी दिँदै पोजेटिभ देखिएका तीनै जनालाई आइसोलेसनमा पठाइसकिएको र पोजेटिभ व्यक्तिको कन्ट्याक्ट ट्रेसिङ्ग गर्ने काम भइरहेको बताए ।




# निर्दोष छोरालाई स्वदेश फिर्ता ल्याउन पहलका लागि बुबाको आग्रह




**दैनिक समाचारदाता**
**राजविराज, १४ साउन ।**

सप्तरीको तिलाठी कोइलाडी वडा नं. ३ सकरपुराका ७० वर्षिय ओमप्रकाश मुखियाले रोजगारीका लागि मलेशिया गएका छोरालाई झुठा आरोपमा जेल हालिएको भन्दै स्वदेश फिर्ता ल्याउनका लागि पहल गरिदिन आग्रह गरेका छन् ।

रोजगारीको सिलसिलामा मलेशियामा रहेका २६ वर्षिय छोरा भुपेनलाई यौन दुरव्यवहार गरेको झुठा मुद्दा लगाई मलेशिया प्रहरीले जेल पठाएको भन्दै उनले सत्यतथ्य छानबिन गरि छोरालाई स्वदेश फिर्ता ल्याउन पहलका लागि सबैसँग आग्रह गरेका हुन् ।

राजविराज आइपुगेका उनले प्रेम सम्बन्धलाई यौन दुरव्यवहारसँग जोडेर छोरालाई फसाइएको बताएका छन् । निर्दोष छोरालाई उनी कार्यरत कम्पनीकै केही व्यक्ति तथा स्थानिय मिलेर

*बाँकी तीन पृष्ठमा*

**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
CITY EXPRESS
IME International Money Express
IME pay
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

## सम्पादकीय ....

# तस्करी नियन्त्रण आवश्यक

हाल कोरोनाको महामारीको अवस्थामा पनि सप्तरीस्थित विभिन्न भारतीय नाकाहरुबाट अवैध रुपमा मालसमान नेपाल भित्र्याउने क्रम रोकिएको छैन् । प्रहरी प्रशासनले जतिसुकै तस्करी नियन्त्रण गर्ने प्रयास गरिए पनि तस्करी हुने क्रम बढ्दो छ । भारतबाट अवैध तरिकाले नेपाल भित्र्याउँदै गरेको लाखौं मूल्य बराबरको मालसमान समय समयमा जफ्त समेत हुने गरेको छ। अवैध मालसमान जति नियन्त्रण, पक्राउ, बरामद तथा जफ्तै गरेपनि यो क्रम रोकिएको छैन ।

तस्करी नियन्त्रणका लागि विभिन्न नाकाहरुमा नेपाल र सशस्त्र प्रहरीको टोलीलाई ठूलो संख्यामा परिचालन गरिएको छ । तसर्थ सिमाको सुरक्षार्थ खटिएका प्रहरीले भारतबाट ल्याईने अवैध मालसमान नियन्त्रण गर्नुको साथै तस्करलाई समेत पक्राउ गरी कारबाहीको दायरामा ल्याई राज्यको राजश्व वृद्धि गराउन तर्फ समेत ध्यान दिनु आजको आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोभिड-१९ को जोखिम कायमै : कूल ३८२ सुरक्षाकर्मीमा सङ्क्रमण

काठमाडौँ, १४ साउन (रासस) ।

मुलुकमा बन्दाबन्दी अन्त्य भए पनि कोभिड-१९ को जोखिम कायमै छ । आर्थिक गतिविधि चलायमान भएसँगै मानिसको चहलपहल बढ्दा सङ्क्रमणको जोखिम बढाउँछ ।

यो अवस्थामा भौतिक दूरी कायम गर्ने, मास्क र स्यानेटाइजरको प्रयोग गर्ने, पटकपटक साबुनपानीले हात धुने र भीडभाडमा नजाने गर्दा सङ्क्रमणबाट जोगिन सकिन्छ । भीडभाड बढ्दा मानिसले चाहेर पनि भौतिक दूरी कायम गर्न नसक्ने हुँदा अब अझै सावधानी जरुरी रहेको स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले बताउनुभयो ।

आम नागरिकसँगै सुरक्षाकर्मीमा देखिएको पछिल्लो सङ्क्रमणले समेत जोखिम बढेको महसुस गर्न सकिन्छ । नेपाल प्रहरीको मुख्यालय प्रहरी प्रधान कार्यालयमा साउन ११ गते चार जनामा कोभिड-१९ देखियो । त्यसपछि कन्ट्र्याक्ट ट्रेसिङ गर्दा मङ्गलबारको परीक्षणमा थप ३१ जनामा कोभिड-१९ पुष्टि भयो ।

नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक नीरजबहादुर शाही पछिल्लो चरणमा प्रहरीमा कोभिड-१९ सङ्क्रमण बढेको बताउनुहुन्छ । "पहिले पनि सुरक्षा मापदण्ड बनाएर काम गरिएको थियो, हेडक्वाटरमै सङ्क्रमण देखिएपछि अझै थप सावधानीका साथ खटिन निर्देशन दिएका छौँ", शाहीले भन्नुभयो । मङ्गलबार सशस्त्र प्रहरीमा पनि एकजनामा कोभिड-१९ देखिएको छ । प्रहरीमा अहिलेसम्म २०६ जनामा सङ्क्रमण भइसकेको छ ।

अहिलेसम्मको प्राप्त विवरणअनुसार चार सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग) का कूल ३८२ जनामा सङ्क्रमण देखिइसकेको छ । अझै पनि १४१ जना उपचाररत रहेका छन् तर जटिल खालका बिरामी भने नभएको जनाइएको छ । हालसम्म नेपालमा १९ हजारमा कोभिड-१९ देखिएकामा झण्डै १४ हजार निको भएर घर फर्किसकेका छन् । पाँच हजार उपचारमा छन् । कोरोनाका कारण ४९ जनाको निधन भएको छ ।

पहिले कोभिड-१९ को सङ्क्रमण फैलिन नदिन सरकारले जारी गरेको बन्दाबन्दीको आदेश कार्यान्वयन गर्न सुरक्षाकर्मी अग्रपङ्क्तिमा थिए । साउन ६ गतेदेखि लकडाउन अन्त्य भएसँगै मानिसको चहलपहल बढ्दा र व्यवसाय सञ्चालन हुँदा पनि अग्रपङ्क्तिमा खटिने सुरक्षा निकाय नै हो । त्यसकारण सुरक्षाकर्मी थप जोखिम हुने स्वास्थ्य विज्ञको भनाइ छ ।

सुरक्षाकर्मीले उपलब्ध व्यक्तिगत स्वास्थ्य सुरक्षा अपनाउँदै कार्यस्थलमा काम गरिरहे पनि कतिपय सुरक्षाकर्मीलाई कोभिड-१९ को सङ्क्रमण भएको छ । आम समुदायसँग नियमित सम्पर्कमा पुग्ने सुरक्षाकर्मीमा सङ्क्रमण हुँदा नागरिकमा सर्ने सम्भावना बढी हुन्छ ।

मानिसको भीडभाड रोक्नुपर्ने अवस्थामा सुरक्षाकर्मीले चाहेर पनि भौतिक दूरी कायम गर्न सकेका हुँदैनन् । अझै पनि सुरक्षामा अपनाउनुपर्ने मापदण्ड पूर्णरुपमा प्रयोग गर्न सकेका छैनन् । सामान्य कपडाको मास्कमै कार्यस्थलमा खटिएका छन् । सङ्क्रमणको जोखिम हुन्छ भन्ने आँकलन गरेरै प्रहरीले उच्च मनोबलका साथ काममा खटिएको महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रमुख प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेल बताउनुहुन्छ । जोखिम रोक्न नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीले आवश्यक क्वारेन्टिनको व्यवस्थापन गरेका छन् । घर बिदाबाट आएकालाई क्वारेन्टिनमा राखेर स्वास्थ्य मापदण्डअनुसार राखिन्छ ।

बुधबारसम्मको प्राप्त विवरणअनुसार नेपाल प्रहरीका २०६ जनामा सङ्क्रमण देखिएको छ । अहिलेसम्म ९९ जना निको भएर घर फकिए पनि १०७ उपचाररत छन् । सीमा क्षेत्रको सुरक्षामा खटिएको सशस्त्र प्रहरीका ९२ जनामा कोभिड-१९ सङ्क्रमण भएको छ । उनीहरुमध्ये अझै २८ जना उपचाररत रहेका छन् । सीमा क्षेत्रमा प्रत्यक्षरुपमा मानिससँग सम्पर्कमा पुग्नुपर्ने भएकाले पनि सङ्क्रमण देखिएको सशस्त्र प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक राजु अर्याल बताउनुहुन्छ ।

नेपाली सेनामा पनि सङ्क्रमण बढिरहेको छ । नेपाली सेनामा पहिलोपटक गत जेठ ३ गते सङ्क्रमण देखिएको थियो । त्यसयता अहिलेसम्म कूल ७९ जनामा सङ्क्रमण भइसकको छ । अहिलेसम्म ७२ जना उपचारपछि निको भएको र सात जनाको उपचार जारी रहेको नेपाली सेनाका सूचना अधिकारी सन्तोषबल्लभ पौडेल बताउनुहुन्छ ।

उहाँका अनुसार जनमानसमा सम्पर्कमा जानुपर्ने भएकाले पनि सुरक्षाकर्मीमा जोखिम कायमै छ तर पनि सेनाले कन्ट्र्याक ट्रेसिङ युनिटमार्फत नियन्त्रणको काम जारी राखेको छ । मुख्यगरी नेपाली सेनालाई भारतबाट आउने र तेस्रो मुलुकबाट आउने नेपालीलाई सुरक्षितरुपमा होल्डिङ सेन्टरमा ल्यएर सम्बन्धित क्षेत्रमा पठाउने जिम्मेवारी छ ।

त्यसपछि क्वारेन्टिन व्यवस्थापन र शव व्यवस्थापन सेनाको अर्को जिम्मेवारी हो । सरकारले तोकेको अन्य काममा पनि नेपाली सेना सक्रिय छ । नागरिकको सम्पर्कमा जाँदा आवश्यक सावधानी अपनाउँदाअपनाउँदै पनि केहीलाई सङ्क्रमण देखिएको र त्यो नियन्त्रणमै रहेको पौडेलले राससलाई बताउनुभयो । उता राष्ट्रिय अनुसन्धान विभागका चार जनामा कोभिड-१९ देखिएको जनाइएको छ ।

मुलुकको शान्ति सुरक्षा कायम गर्न, आपराधिक घटना रोक्न, अन्य घटना हुँदा आम नागरिकले पहिले सम्झने नेपाल प्रहरीलाई नै हो । सामान्य भीडभाड, झै-झगडा, दुर्घटना, चोरी, झडप, मुलुकका महत्वपूर्ण निर्णय कार्यान्वयनमा नेपाल प्रहरी अग्रपङ्क्तिमा हुन्छ । त्यसैले अरु निकायमा भन्दा बढी प्रहरीमा सङ्क्रमण देखिएको छ । कोभिड-१९ को नियत्रणका लागि नेपालभर ४४ हजार बढी प्रहरी खटिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । सुरक्षाको दोस्रो घेरामा सशस्त्र प्रहरी र त्यसपछि नेपाली सेनाले काम गरिरहेको छ ।

# चालकलाई व्यावसायिक सीप अनिवार्य

काठमाडौँ, १४ साउन (रासस) ।

सरकारले सार्वजनिक सवारीसाधन चलाउने चालकका लागि व्यावसायिक सीप अनिवार्य गर्ने भएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा 'सवारी तथा यातायात व्यवस्था ऐन' संशोधनका लागि जारी छलफलमा चालकको योग्यता, सीप र उमेरका विषयमा छलफल भइरहेको छ ।

यातायात व्यवस्था विभागले मन्त्रालयमा पेश गरेको खाकामा सार्वजनिक सवरीसाधन चलाउने चालकका लागि उमेर २५ वर्ष उमेर पूरा हुनुपर्ने प्रस्ताव गरिएको छ । चालकले अनुमतिपत्र लिनका लागि १० कक्षा उत्तीर्ण हुनुपर्ने र पहिले निजी सवारीसाधन चलाएको अनुभव हुनुपर्ने पनि प्रस्ताव गरिएको छ । बर्सेनी सडक दुर्घटनाका कारण हजारौँ नेपालीले अकालमा ज्यान गुमाइरहेकाले सार्वजनिक यातायातका चालकलाई व्यावसायिक बनाउन लागिएको हो । चालकको योग्यताका कतिपय विषय ऐनमा समेटिने विभागका महानिर्देशक गोगनबहादुर हमालले बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले प्रस्ताव गरेकामा मन्त्रालयले थपघट गर्नसक्छ ।"

झण्डै एक दशक पहिलेदेखि लिइँदै आएको प्रयोगात्मक परीक्षा (ट्रायल) समेत परिवर्तन गरिने भएको छ । अहिलेसम्म निश्चित ठाउँमा लिइने गरिएकामा सडकमै प्रयोगात्मक परीक्षा लिइने गरी व्यवस्था गरिएको महानिर्देशक हमालले बताउनुभयो । उहाँका अनुसार सार्वजनिक र निजी दुवै सवारीसाधनको चालक अनुमतिपत्र लिन १० कक्षा उत्तीर्ण हुनुपर्ने भनिएको छ ।

त्यस्तै, पुरानो ऐनअनुसार निजी सवारीसाधन चलाउन १६ वर्षमा नै चालक अनुमतिपत्र पाउने भए पनि नयाँमा त्यसका लागि १८ वर्ष पुग्नुपर्ने प्रस्ताव गरिएको छ । निजी सवारीसाधन चलाउने व्यक्तिभन्दा सार्वजनिक सवारीसाधन चलाउने व्यक्ति बढी जिम्मेवार बनाउने गरी छलफल अघि बढेको मन्त्रालयका प्रवक्ता सरोज प्रधानले बताउनुभयो । उहाँका अनुसार सार्वजनिक सवारीसाधन, विद्यालयका बसलगायत बढी यात्रु रहने सवारीसाधन चलाउन थप अनुभवको प्रस्ताव गर्न लागिएको हो ।

झण्डै तीन दशक पुरानो ऐनका धेरै कुरा अहिले सान्दर्भिक नभएकाले पनि कसरी सान्दर्भिक बनाउने भनी छलफल भइरहेको छ । उहाँका अनुसार विसं २०४९ मा सो ऐन बन्दाका समयभन्दा अहिले यातायातका क्षेत्रमा धेरै परिवर्तन भइसकेको छ । पुरानो ऐनलाई कसरी नयाँ सन्दर्भमा जोड्ने भनी मन्त्रालयभित्र विभिन्न पक्षसँग छलफल जारी रहेको छ । उहाँले भन्नुभयो, "यसमा टुटल पठाओ पनि समेटिन सक्ने गरी छलफल भइरहेको छ ।"

संविधानमा यातायात व्यवस्थापनको जिम्मेवारी प्रदेश सरकार र स्थानीय सरकारलाई पनि दिइएको छ । पहिले सङ्घीय ऐन बनेपछि त्यसैका आधारमा प्रदेश ऐन बन्नुपर्ने भने पनि कतिपय प्रदेश सरकारले यातायात ऐन बनाए पनि नेपाल सरकारले बनाइसकेको छैन ।

# करेन्ट लागेर कामदारको मृत्यु

जलेश्वर, १४ साउन (रासस) ।

महोत्तरीको सदरमुकाम जलेश्वरमा बुधबार करेन्ट लागेर एक कामदारको मृत्यु भएको छ ।

मृत्यु हुनेमा जलेश्वर नगरपालिका-८ बस्ने सञ्जय राउतका छोरा १७ वर्षीय रुपेश राउत रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले बताउनुभयो ।

जलेश्वर नपा-१ स्थित डायमण्ड इन्जिनीयरिङ वर्कशपमा काम गर्दै आएका कामदार राउत बुधबार बेलुका करिब ४.३० बजे वेल्डिङ गरिरहेको क्रममा अचानक सर्ट सर्किट भई उनको शरीरमा करेन्ट प्रवाहित हुँदा उनको मृत्यु भएको हो । मृतक कामदार राउतको शव परीक्षणका लागि जिल्ला अस्पताल जलेश्वरमा पठाइएको छ ।

# लकडाउन खुलेसँगै सङ्क्रमणको दर बढ्यो

काठमाडौँ, १४ साउन (रासस)।

लकडाउन खुलेसँगै कोभिड-१९ सङ्क्रमणको दर बढेको पाइएको छ। लकडाउन खोल्नुअघिको आठ दिन र लकडाउन खुलेपछिको आठ दिनपछि परीक्षण र सङ्क्रमितको सङ्ख्या हेर्दा कोरोनाको सङ्क्रमण दर बढेको पाइएको हो।

लकडाउन खुल्नअघिको आठ दिनको अवधिमा कूल ३४ हजार ४५७ नमूना परीक्षण गर्दा एक हजार ४९ जनामा सङ्क्रमण पुष्टि भएको थियो। यस्तै लकडाउन खुलेको पछिल्ला आठ दिनमा ३४ हजार १०९ नमूना परीक्षण गर्दा एक हजार २७९ जनामा कोरोना पुष्टि भएको छ। लकडाउन खुल्नुअघिको आठ दिन तीन प्रतिशतमा सीमित रहेको कोरोना सङ्क्रमण पछिल्ला आठ दिनको अवधिमा बढेर ३.७ प्रतिशत पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

बन्दाबन्दी खुलेसँगै सबै नवसामान्यीकरणमा आएको उल्लेख गर्दै मन्त्रालयका प्रवक्ता प्रा डा जागेश्वर गौतमले कोभिड अगाडिको जस्तै सामान्य जीवनमा फर्किएका रुपमा नबुझ्न आग्रह गर्नुभयो। कोरोना भाइरसको जोखिमकैबीचमा काम गर्नुपर्ने बाध्यता रहेको भन्दै उहाँले उचित जनस्वास्थ्य सावधानी अपनाउन अनुरोध गर्नुभयो। पछिल्लो केही दिनदेखि लगातार कोरोना सङ्क्रमितको सङ्ख्या बढिरहेको छ। पछिल्लो २४ घण्टामा विभिन्न २९ वटा प्रयोगशालामा छ हजार ३७ नमूना परीक्षणमा २१० जनामा कोभिड-१९ पुष्टि भएको प्रवक्ता गौतमले जानकारी दिनुभयो।

बुधबार सबैभन्दा बढी डोटीमा ५२ सङ्क्रमित फेला परेका छन्। त्यस्तै पर्सामा ३४, स्याङ्जामा २६, महोत्तरी र काठमाडौँमा १४/१४, धनुषामा १२, मोरङ, कैलाली र कञ्चनपुरमा आठ/आठ, धादिङ र बागलुङमा सात/सात, म्याग्दी, सप्तरी कपिलवस्तु र बैतडीमा दुई/दुई तथा सुनसरी, सर्लाही, भक्तपुर, रौतहट, तनहुँ र सुर्खेतमा एक/एक सङ्क्रमित थपिएका छन्।

मुलुकभर अहिले पनि सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार २०३ रहेको छ। प्रदेश नं १ मा २२६, प्रदेश नं २ मा एक हजार ९८२, वाग्मती प्रदेशमा ४८३, गण्डकी प्रदेशमा २८८, प्रदेश नं ५ मा ४०१, कर्णाली प्रदेशमा ३०२ र सुदूरपश्चिम प्रदेशमा एक हजार ५२१ सक्रिय सङ्क्रमित छन्। रौतहट र कैलालीमा अझै पनि ५०० बढी सक्रिय सङ्क्रमित उपचाररत छन्। क्वारेन्टिनमा रहनेको सङ्ख्या १४ हजार ४७१ छ।

नेपालमा हालसम्म कूल सङ्क्रमितको ७२.७ प्रतिशत कोरोना सङ्क्रमणमुक्त भएर डिस्चार्ज भएका छन्। पछिल्लो २४ घण्टामा १४६ जना डिस्चार्ज भएको प्रवक्ता गौतमले जानकारी दिनुभयो। हालसम्म १४ हजार २१ जना कोरोनालाई जितेर घर फर्केका छन्। प्रदेश नं १ मा ७८९, प्रदेश नं २ मा तीन हजार १८, वाग्मती प्रदेशमा ५१८, गण्डकी प्रदेशमा एक हजार २२७, प्रदेश ५ मा तीन हजार ९१०, कर्णाली प्रदेशमा एक हजार ६८६ र सुदूरपश्चिम प्रदेशमा दुई हजार ८७३ जना कोरोनामुक्त भई डिस्चार्ज भइसकेका छन्। प्रदेश नं १ को भोजपुर र संखुवासभा, बाग्मती प्रदेशको रसुवा तथा गण्डकी प्रदेशको मनाङ र मुस्ताङमा कोरोनाका सक्रिय सङ्क्रमित छैनन्।

नेपालमा प्रति १० लाखमा १२ हजार २८४ जनाको कोरोना परीक्षण गरिएको छ भने मृत्युदर प्रति १० लाखमा १.६ रहेको छ। हालसम्म विश्वभर एक करोड ६९ लाख १७ हजार ७१४ जनामा सङ्क्रमण देखिएको मन्त्रालयले जनाएको छ। यस्तै कोरोनाबाट छ लाख ६३ हजार ९४२ जनाको मृत्यु भएको छ भने कोरोना सङ्क्रमणमुक्त भएर एक करोड चार लाख ४२ हजार ३८३ 'डिस्चार्ज' भएका छन्।

# चार हजार पाँच सयमै कोरोना परीक्षण, पाँच घण्टाभित्र 'रिपोर्ट'

काठमाडौँ, १४ साउन (रासस)।

सरकारले शुल्क लिएर कोभिड-१९ को आरटी-पिसिआर परीक्षण गर्न अनुमति दिएसँगै विध म्यानेजमेन्टद्वारा सञ्चालित कोभिड-१९ प्रयोगशालाले कोरोना भाइरस परीक्षण गर्ने तयारी गरेको छ।

सरकारबाट अनुमति पाएसँगै उक्त प्रयोगशालाले भोलि बिहीबारदेखि औपचारिक रुपमा कोरोनाको परीक्षण थाल्ने सञ्चालक विके भण्डारीले जानकारी दिनुभयो। ललितपुरको कुपण्डोलमा रहेको उक्त ल्याबले दैनिक चार हजारभन्दा बढी नमूना परीक्षण गर्ने र पाँच घण्टामै 'रिपोर्ट' उपलब्ध गराउने विध म्यानेजमेन्टले जनाएको छ। प्रयोगशालामा पाँच थान अटोमेटिक आरएनए एक्टचाक्सन मेशिन जडान गरिएको छ।

प्रयोगशालाका प्रमुख भण्डारीले कोरोना परीक्षणको दायरा फराकिलो पारी छिटोभन्दा छिटो सङ्क्रमित पहिचान गर्ने सरकारको यस अभियानमा सहभागी हुन पाउँदा खुशी लागेको बताउनुभयो। उहाँले सरकारले दिएको नमूना तथा स्वेच्छाले परीक्षण गर्न आउने व्यक्तिको कोरोना परीक्षण गरिने जानकारी दिनुभयो।

सरकारले केही सरकारी तथा निजी प्रयोगशालालाई रु पाँच हजार ५०० शुल्क लिएर कोरोना परीक्षणको अनुमति दिएको भए पनि सो प्रयोगशालाले रु चार हजार ५०० मै कोरोना परीक्षण गर्ने जनाएको छ। "विपद्को समयमा सकिन्छ भने सस्तो मूल्यमा नै परीक्षण गरौँ भन्ने सोचका साथ काम गरेका हौँ", प्रयोगशालाका प्रमुख भण्डारीले भन्नुभयो।

कोभिड-१९ को परीक्षणका लागि जनतालाई छिटोछरितो एवं सर्वसुलभ सेवा उपलब्ध गराउने सरकारको यस प्रयासमा आफ्नोतर्फबाट यथासम्भव सहकार्य गर्ने र सहयोग पुर्‍याउने उद्देश्य रहेको विध म्यानेजमेन्टद्वारा बुधबार जारी प्रेस विज्ञप्तिमा जनाइएको छ। पछिल्लो समय सरकारले लकडाउन केही खुकुलो बनाउँदै गएपछि मुलुकभर कोरोना सङ्क्रमणको जोखिम झन् बढेको छ। जसले गर्दा कोरोना परीक्षणको दायरा फराकिलो बनाउनुपर्ने आवश्यकता बढेर गएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले विध म्यानेजमेन्टलाई गत असार १२ गते कोभिड-१९ परीक्षणसम्बन्धी प्रयोगशाला स्थापनाका लागि आशयपत्र दिएको थियो। आशयपत्र पाएको एक सातामा नै आफूहरुले प्रयोगशाला स्थापना गरिसकेको प्रमुख भण्डारीले बताउनुभयो। यसअघि नै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अधिकारीले प्रयोगशालाको स्थलगत निरीक्षण गरेका थिए।

सरकारले यसअघि स्टार अस्पताल र केएमसीलगायत सात वटालाई कोरोना परीक्षणको अनुमति दिइसकेको छ। धुम्बाराहीस्थित ह्याम्स अस्पतालले पनि सःशुल्क कोभिड-१९ परीक्षणको अनुमति पाएको छ। ह्याम्सले शुल्क लिएर बुधबारदेखि कोरोना परीक्षण थालिसकेको छ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता प्रा डा जागेश्वर गौतमले केहीदिनअघि मन्त्रालयमा आयोजित नियमित 'प्रेस ब्रिफिङ'मा सरकारी तथा निजी प्रयोगशालामा दैनिक १८ हजार नमूना परीक्षण गर्ने गरी तयारी भइरहेको बताउनुभयो।

### *निर्दोष छोरालाई ...*

फसाएको उनको दाबी छ।

रोजगारीका सिलसिलामा भुपेन विगत ४३ महिनादेखी मलेशियास्थित कोसानग्लोभ कम्पनीमा कार्यरत छन्। बसाईकै क्रममा भुपेन स्थानिय एक युवतीसँग प्रेम सम्बन्ध गास्न पुगेको र दुबै जना विवाह गर्ने योजना थिए। तर, युवतीका अभिभावकलाई यो सम्बन्ध स्वीकार नभएपछि अभिभावकको चाहना विपरीत ती यूवतीसँग निरन्तर भेटघाट गर्न थालेपछि दुबैलाई छुट्याउन यौन दुरव्यवहारको झुठो मुद्दा लगाइएको बुबा ओमप्रकाशको भनाई छ।

उनले न्यायका लागि नेपाली दुतावास लगायत अन्य निकायमा निवेदन पेश गरेपनि कसैले चासो समेत नदिएको गुनासो समेत गरे।

# सेमेष्टर भदौ तेस्रो र वार्षिक असोज पहिलो हप्तादेखि परीक्षा गर्ने तयारी

काठमाडौँ, १४ साउन (रासस)।

त्रिभुवन विश्वविद्यालय (त्रिवि) ले बन्दाबन्दी खुलेसँगै रोकिएका परीक्षा यही भदौको तेस्रो हप्ताबाट शुरु गर्ने तयारी थालेको छ। बन्दाबन्दी खुलेसँगै विद्यार्थीले दुई हप्ताभित्र काठमाडौँ आउने समय मागेकाले भदौ तेस्रो हप्तादेखि परीक्षा गर्ने तयारी थालेको हो।

त्रिवि परीक्षा नियन्त्रण कार्यालय (पनिका) का परीक्षा नियन्त्रक पुष्पराज जोशीले स्नातकोत्तर तह र स्नातक तहका सेमेष्टर परीक्षा भदौको तेस्रो हप्ता र वार्षिक परीक्षा असोजको पहिलो हप्तादेखि शुरु गर्ने गरी तयारी थालिएको बताउनुभयो। "भदौको पहिलो हप्ता विद्यार्थी आएपछि १४ दिनसम्म क्वारेन्टिनमा बस्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो, "अनि त्यसपछि हामी सेमेष्टरको परीक्षा सबैभन्दा कम विद्यार्थीबाट शुरु गर्ने तयारी गरेको छौँ।"

त्रिविले ती परीक्षाका लागि चाँडै नै कार्यतालिका प्रकाशन गर्ने तयारीमा समेत रहेको छ। यसपटक विद्यार्थीलाई पायक पर्ने नजिकका क्याम्पसमा परीक्षा केन्द्र राखिनेछ। त्रिविले गत चैत ७ गतेदेखि कोभिड-१९ को कारणले सेमेष्टर तथा वार्षिक सबै परीक्षा स्थगन गरेको थियो। स्नातकोत्तर तहको प्रथम, स्नातक तह दोस्रो र विभिन्न तहका सेमेष्टर प्रणालीका परीक्षा रोकिएका छन्। वार्षिक परीक्षाअन्तर्गत स्नातकोत्तर तह प्रथम र स्नातक तह चौथो वर्षको परीक्षा बाँकी रहेको छ।

यसअघि व्यवस्थापन सङ्कायको डीन कार्यालयले भदौ दोस्रो हप्तादेखि स्नातकोत्तर तह र स्नातक तह प्रथम, तेस्रो, पाँचौँ र सातौँ सेमेष्टरको परीक्षा भदौ तेस्रो हप्ताबाट गर्ने जानकारी कार्यालयका सहायक डिन प्राडा ध्रुवकुमार गौतमले सूचना प्रकाशित गरिसक्नुभएको छ।

## विश्व समाचार

# मोडर्नाको खोपले बाँदरमा राम्रोसँग काम गरिरहेको छ - अध्ययन

वासिङ्टन, १४ साउन (रासस/एएफपी)।

अमेरिकी बायोटेक कम्पनी मोडर्नाले तयार पारेको कोविड-१९को खोप बाँदरमा परीक्षण गर्दा निकै सकारात्मक नतिजा प्राप्त भएको अध्ययनले देखाएको छ।

खोप लगाइएका बाँदरका नाक र फोक्सोमा कोरोनाभाइरसका विषाणु थप वृद्धि नभएको न्यू इङल्यान्ड मेडिसिन जर्नलमा प्रकाशित अध्ययनमा उल्लेख छ।

खोपका कारण नाकमा कोरोनाभाइरस बढ्न रोकिनुको अर्थ नाकहुँदै शरीरका भित्री भागमा कोरोनाभाइरस सङ्क्रमित हुनेक्रम रोकिने अध्ययनको निचोड छ।

अक्सफोर्ड विश्वविद्यालयले तयार पारेको खोप बाँदरमा परीक्षण गर्दा यस्तो नतिजा प्राप्त भएको थिएन। तर खोपले पशुको फोक्सोमा कोरोनाभाइरस प्रवेश गर्नबाट भने रोक्न सफलता प्राप्त भएको थियो। कोरोनाभाइरस फोक्सोमा पुगे त्यसले मानव स्वास्थ्यमा गम्भीर क्षति पुर्‍याउन सक्छ।

मोडर्नाले पशुमा गरेको यस परीक्षणमा दुई समूहमा बाँदरलाई विभक्त गरी दुई भिन्न किसिमका खोपको डोज दिइएको थियो। पहिलो समूहका बाँदरलाई १० माइक्रोग्राम र दोस्रो समूहका बाँदरलाई १०० माइक्रोग्रामका डोज दिइएको जर्नलमा उल्लेख छ।

खोप लगाइएका सबै बाँदरमा नयाँ कोरोनाभाइरसलाई निस्तेज बनाउने एन्टीबडी तयार भएको थियो।

उल्लेखनीय कुरा के भने दुबै समूहका बाँदरमा मानवमा भन्दा बढी एन्टीबडी तयार भएको थियो। यही समूहका खोप लगाएका मानिसको पनि कोरोना सङ्क्रमण निको भएको थियो।

वैज्ञानिक हाल विकासक्रममा रहेका खोपकै कारण रोग अरु बढ्न सक्ने भन्दै चिन्तित पनि देखिएका छन्। तर हालसम्मका परीक्षणमा त्यस्तो परिस्थिति निर्माण भएको छैन।

मोडर्नाले तयार पारेको खोप र अक्सफोर्ड विश्वविद्यालय एवं अस्ट्रजेनिकाले संयुक्तरुपमा विकास गरेका खोपहरु अहिले मानव परीक्षणको अन्तिम चरणमा प्रवेश गरेका छन्।

# अमेरिकामा एकैदिन एक हजार ५९२ को मृत्यु

वासिङटन, १४ साउन (रासस/एएफपी)।

अमेरिकामा कोरोना भाइरसको सङ्क्रमणको. कारण मङ्गलबार एकै दिनमा एक हजार ५९२ जनाको मृत्यु भएको जोन्स हप्किन्स् विश्वविद्यायले जानकारी दिएको छ।

गत २४ घण्टामा कोरोना भाइरसका कारण भएको यो मानवीय क्षति गएको साढे दुई महिना यताको नै सबैभन्दा बढी भएको जनाइएको छ।

स्थानीय समयानुसार मङ्गलबार राती ८:१० सम्म एकै दिनमा अमेरिकामा ६० हजार कोरोना भाइरसका नयाँ सङ्क्रमित थपिएका बाल्टिमोर आवद्ध विश्वविद्यालयल जानकारी दिएको छ।

अमेरिकामा ४४ लाख ९८ हजार ३४३ जनाको सङ्क्रमित भएका छन् भने एक लाख ५२ हजार ३२० जनाको मृत्यु भइसककेको छ।

कोरोना भाइरसको कारण विश्वभरीमा एक करोड ६९ लाख एक हजार ४०७ जना सङ्क्रमित भएका छन्।

गतवर्षको डिसेम्बर महिनाबाट चीनको हुबे प्रान्तको वुहान शहरबाट शुरु भएको यस भाइरसको कारण विश्वभरीमा छ लाख ६३ हजार ५५७ व्यक्तिको मृत्यु भइसकेको छ।

# भारतमा कोभिड १९ सङ्क्रमितको संख्या १५ लाख नाघ्यो

नयाँ दिल्ली, १४ साउन (रासस/सिन्हवा)।

भारतमा 'कोभिड-१९' सङ्क्रमितको संख्या १५ लाख नाघेको छ। गत २४ घण्टामा भारतका ४८ हजार ५१३ मा कोरोना भाइरस पोजेटिभ देखिएपछि कुल सङ्क्रमितको संख्या १५ लाख ३१ हजार ६६९ पुगेको त्यहाँको केद्रीय स्वास्थ्य मन्त्रालयले बुधबार जनाएको छ।

भारतमा गत २४ घण्टामा कोरोना भाइरसको सङ्क्रमणका कारण ७६८ जनाको मृत्यु भएपछि कुल मृतकको संख्या ३४ हजार १९३ जना पुगेको छ।

सरकारी अधिकारीका भारतमा कोरोना भाइरस सङ्क्रमितमध्ये नौ लाख ८८ हजार २९ व्यक्ति निको भएर फर्किएका छन्। हाल भारतमा पाँच लाख नौ हजार ४४७ जना कोरोना भाइरस सङ्क्रमित अवस्थामा रहेका छन्।

# तीन बाघ मरे

चितवन, १४ साउन (रासस)।

गत आर्थिक वर्षमा प्राकृतिक कारणले तीनवटा बाघ मरेका छन्। अघिल्लो आवमा आठवटा बाघ मरेका थिए। चितवन राष्ट्रिय निकुञ्जका सहायक संरक्षण अधिकृत प्रकाश उप्रेतीका अनुसार निकुञ्जको पश्चिम क्षेत्रको नवलपरासीस्थित वेदघारी मध्यवर्ती सामुदायिक वनमा एउटा वयस्क भाले बाघ मृत फेला परेको थियो।

त्यसैगरी, ठोरी र कसरामा एक-एकवटा पोथी वयस्क बाघ मृत फेला परेका हुन्। कसरामा उद्धारका क्रममा बाघ मरेको हो। दुईवटा घाइते भएर मरेका हुन भने एउटाको कारण नखुलेको उहाँले जानकारी दिनुभयो। अघिल्लो वर्षभन्दा गत वर्ष प्राकृतिक कारणले मर्ने बाघको सङ्ख्या घटेको उहाँले जानकारी दिनुभयो। दुर्लभ एकसिङ्गे गैँडा पनि अघिल्लो आवमा धेरै मरेका थिए। त्यस वर्ष ४३ गैँडा मरेका थिए भने गत आवमा प्राकृतिक कारणबाट मर्ने गैँडाको सङ्ख्या २६ रहेको छ।

पछिल्लो गणनाअनुसार चितवन राष्ट्रिय निकुञ्जमा वयस्क ९३ पाटेबाघ रहेको तथ्याङ्क छ। पर्सादेखि वाल्मीकि टाइगर रिजर्भसम्म यो सङ्ख्या १४३ रहेको छ। पर्साको मात्र १८ हो भने बाँकी वाल्मीकि टाइगरको भएको उप्रेती बताउनुहुन्छ। पछिल्ला वर्षमा सडक र विकासका नाममा निकुञ्ज र वनमा बनाइने सडक र संरचनाका कारण बाघको बासस्थानमा असर पर्ने गरेको छ। उहाँले भन्नुभयो, "अतिक्रमण बढ्दै जाँदा बाघ संरक्षणमा जोखिम बढेको छ।"

# अनलाइन शिक्षाका लागि एनसेल र हिसानबीच समझदारी

**दैनिक समाचारदाता**
**काठमाडौं, १४ साउन।**

एनसेल प्राइभेट लिमिटेड र उच्च शिक्षालय तथा माध्यमिक विद्यालयहरूको छाता संगठन उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) बीच अनलाइन शिक्षा तथा सिकाइका लागि एनसेलको मोबाइल कनेक्टिभिटी प्रयोग गर्न समझदारी पत्रमा हस्ताक्षर भएको छ।




अनलाइन कक्षा तथा सिकाइका लागि विद्यार्थी, शिक्षक/शिक्षिका र विद्यालयहरूलाई सुलभ दरमा मोबाइल सेवाको पहुँच सुनिश्चित गर्ने उद्देश्य अनुरूप एनसेलले यस समझदारी अन्तर्गत विशेष मासिक योजना प्रदान गर्दछ। यो योजनामा भ्वाइस, डेटा र एसएमएस सेवाहरू बन्डलसहितको सेवा लिन सकिने जनाइएको छ।

यस विषेश योजनाअन्तर्गत विद्यार्थीले मासिक रु २५० (करबाहेक) मा अनलाइन कक्षाका लागि आवश्यक पर्ने जुम, गुगल मिट र माइक्रोसफ्ट टिम्स प्रयोगका लागि २० जिबी डेटा, १ जिबीथ्रिजी/फोरजी डेटा, २ जिबीफोरजी डेटा, सीयूजीनम्बरमा कल गर्न हरेक दिन १२० मिनेट टकटाइम, ५० मिनेट अन नेट टकटाइम र ५० अन नेट एसएमएस सेवा पाउँछन्।

समझदारीपछि एनसेलका चीफकमर्सियल अफिसर प्रदीप श्रीवास्तवले भने, "यस कोभिड-१९ को महामारीले ठूलो चुनौती सृजना गर्नुका साथै कनेक्टिभिटी र टेक्नोलोजी प्रयोग गर्दै अबको 'न्यु नर्मल' सँग अभ्यस्त हुने अवसर पनि प्रदान गरेको छ। विद्यार्थीहरू भविष्यका कर्णधार हुन्। उनीहरूको अनलाइन शिक्षामा योगदान पुऱ्याउनका लागि हिसानसँग यो सहकार्य गर्न पाएकोमा हामी हर्षित छौं।"

यस्तै हिसानका अध्यक्ष रमेश कुमार सिलवालले यो समझदारीबाट आफूहरू उत्साहित भएको बताए। "विश्वव्यापी महामारीले शिक्षा क्षेत्रमा दीर्घकालीन असर पारेको छ र पुरानै शैलीमा कहिलेदेखि कक्षाहरु सुचारु हुन्छन् भन्ने अहिले अनुमान गर्न सकिने अवस्था छैन," उनले भने, "भर्चुअलकक्षाका लागि कनेन्टिभिटी सुनिश्चित गर्ने एनसेलसँगको यस सहकार्यले विद्यार्थी, शिक्षक/शिक्षिका तथा विद्यालयसँगै पूरै शिक्षा क्षेत्रमा ठूलो महत्व राख्छ र यस सहकार्यलाई लिएर हामीनिकै खुशी छौं।"

यस सहकार्य अनुसार हिसानको सिफारिस पत्रका आधारमा सम्बन्धित विद्यालयका विद्यार्थी, शिक्षक/ शिक्षिकाहरूले यो सेवालिन सक्छन्। सिमको स्वामित्वविद्यार्थी वा सम्बन्धित शैक्षिक संस्थाको नाममा राख्न सकिनेछ।


# सूचना

**नोभल कोरोना भाईरस (कोभिड(१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरूलाई सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता - **प्रेम कुमार यादव**
**अध्यक्ष**
**राजविराज नगरपालिका वडा नं. ६**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु →
ipay remit | CITY EXPRESS Money Transfer Made Easy | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*